# चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री लिशा नकर्मी

सदस्य : श्री माधव कुमार के.सी.

सदस्य : श्री सुरेन्द्र के.सी.

**बाट भएको निर्णय**

निर्णय नं. : ०५

**निवेदक/वादीको नाम, थर, ठेगाना**

अष्टमान श्रेष्ठको नाति अष्टबहादुर श्रेष्ठको छोरा काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. १२ बलम्बु बस्ने वर्ष ६३ को कृष्ण श्रेष्ठ............................................... १

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

अष्टबहादुर श्रेष्ठको नाति कान्छा बाबु श्रेष्ठको छोरा काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. १२ बलम्बु बस्ने वर्ष २९ को रविन श्रेष्ठ......................... १

**कागज प्रमाण**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी .......१

ख) जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ........१

ग) उद्योगको फोटो थान...................... ४

**कागज प्रमाण**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी ......१

ख) जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ........१

ग) घरेलु तथा साना उद्योगको प्रमाण पत्र...१

घ) स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपी ......................................१

ङ) व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी...१

च) च.नं. ६२१ पत्रको प्रतिलिपी .............१

छ) सम्पत्ति/मालपोत तथा भूमिकर रसिदको प्रतिलिपी ....................................२

ज) बैंक भैचरको प्रतिलिपी......................१

झ) रसिद नं. १७३५० को प्रतिलिपी .........१

ञ) मिति २०७८/०९/०३ गतेको सर्जमिन मुचुल्काको प्रतिलिपी........................२

१

न्यायिक समितिबाट बुझेको साक्षी ................

**प्रमाणहरू**

क) स्थलगल निरिक्षण प्रतिवेदन र संलग्न प्रमाणको प्रतिलिपी थान .................................१३

ख) उद्योगमा चिम्नी र संरचनागत सुधारको फोटो थान .................................................१४

**मुद्दा : उद्योगको प्रदुषण नियन्त्रण गरी शान्तिपूर्वक बाँच्न पाउँ ।**

**मु नं. : ३१**

**दर्ता मिति : २०७८/०७/०९**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. काठमाडौं जिल्ला बलम्वु गा.वि.स. वडा नं. १ साविक वडा नं. ५।ख कि.नं. ५३१ को क्षेत्रफल ०-१५-०-२ जग्गा अंशवण्डाद्वारा आएको पैत्रिक सम्पत्ति हो भने कि.नं. ५३० को जग्गामा उद्योग सञ्चालन गर्छु भनि म वादीलाई विभिन्न किसिमले तपाईंलाई शारीरिक, मानसिक तथा वातावरणीय रुपमा कुनैपनि अप्ठ्यारो पार्दैनौ भनि पटक पटकको अनुनय विनय गरीनै रहनु भयो । मैले असल छिमेकीपनाको रुपमा मलाई कुनै पनि किसिमबाट समस्यामा नपार्ने बचनबद्धता गरिनै रहेपछि आफ्नै भाइको छोराले केहि शिपमूलक आयआर्जनको काम गर्न खोज्दा मैले राम्रोसँग गर्छस भने गर भनि सहमति समेत जनाए त्यस सहमतिको गलत प्रयोग गरी मलाई ज़ीवन बाँच्न नै गाह्रो पार्ने किसिमले प्रदूषण फैलाउने कार्यलाई पटक पटक छरछिमेकमा बसी समाधानको प्रयास गर्दा समेत मेरो केही लागेन र म बाँध्य भएर उजुर गर्न आएको छु ।

२. मेरो घरभन्दा पश्चिम तर्फ सञ्चालनमा आइरहेको सावुन उद्योगले हानिकारक प्रदूषण नियन्त्रणको प्रयास गरी सुधार नगरेको हुँदा बाध्य भई प्रदूषणको समयमा नै समाधानको लागि वातावरण संरक्षण ऐन, २०५३, औद्योगिक व्यवसाय ऐन, २०४९ ले पनि घरेलु उद्योग सञ्चालन गर्दा वातावरण प्रतिकुल प्रभाव नहुने गरी उद्योग सञ्चालन गर्नुपर्ने र उद्योग सञ्चालन गर्दा मानव स्वास्थ्यमा असर पार्‍यो, वातावरण र वायु प्रदूषित भएको खण्डमा

वातावरण नियन्त्रण गर्ने प्रविधियुक्त साधन प्रयोग र अवलम्वन नगरेको खण्डमा उद्योग तत्काल बन्द गर्न सक्ने भन्ने कानूनी व्यवस्था समेत रहेको छ।

३. अतः नेपालको संविधानको धारा ३० को उपधारा (१) र (२) मा "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक हुनेछ साथै वातावरणीय प्रदूषण ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषणबाट कानून बमोजिम क्षतिपूर्ति पाउन हक हुनेछ" भनि मौलिक हकमा समेत व्यवस्था भएको र विशेष ऐनहरू वातावरण संरक्षण ऐन, २०५३ सो ऐनको नियमावली र औद्योगिक व्यवसाय ऐन, २०४९ ले समेत स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरेको हुँदा विपक्षीले सञ्चालन गरेको साबुन उद्योगको अनुगमन एवं निरीक्षण गरी तत्काल बन्द गराई भविष्यमा हुन सक्ने ठूलो जनधनको क्षति तथा वातावरण प्रदूषण, जल र जमिन प्रदूषण रोक्न तत्काल उद्योग बन्द गराई प्रचलित ऐन, नियम र विभिन्न कानूनहरूको आधारमा तथा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) को देहाय (ञ) र (ट) र चन्द्रागिरि नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ बमोजिम निवेदन गर्न आएको छु। निवेदन माग बमोजिम विपक्षीले सञ्चालन गरेको उद्योग तत्काल बन्द गरी गराई क्षतिपूर्ति भराई न्याय पाउँ भन्ने माग दावी रहेको छ।

**<u>प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा</u>** :

म लिखित जवाफ प्रस्तुतकर्ता र आमा रत्न माया श्रेष्ठको नाममा मालपोत कार्यालय, कलंकीमा दर्ता प्रमाणित रहेको का.जि. बलम्बु गा.वि.स. वडा नं. ५/ख को कि.नं. ५३० को क्षेत्रफल ०-१५-०-३ जग्गा र सो जग्गामा बनेको घर संयुक्त दर्ता रहेकोमा निज रत्नमाया श्रेठका नाममा प्राइभेट फर्म दर्ता नं. ९३८ मिति २०७६/०९/०९ मा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ को (१) र (ख) बमोजिम अघु उद्यम उद्योग अर्न्तगत रत्न सोम एण्ड केमिकल इण्डष्ट्रिज दर्ता गरी घरेलु तथा साना उघोग कार्यालय त्रिपुरेश्वर काठमाडौंबाट स्विकृत लिई प्रमाण प्राप्त गरी सम्बन्धी नगरपालिकाबाट समेत व्यवसाय दर्ता प्रमाण पत्र लिई संचालन गर्दै आएको र व्यवसाय कर समेत तिर्दै आएको चार किल्लाका सँधियारहरूलाई विरोध भए १५ दिन भित्र लिखित निवेदन दिनु भनि सर्वजनिक सूचना टास गर्दा कुनै लिखित निवेदन नपरेको मिति २०७६/०९/०३ मा सर्जमिन हुँदा उजुरीकर्ता कृष्ण श्रेष्ठ समेतले साक्षी बसी सहिछाप गरी प्रहरी चौकीमा भएको

मिलापत्र अनुसार सबै काम गरेको र निज उजुरकर्ता उद्योग स्थापना हुनु भन्दा अगाडी देखि मुटुको दिर्घ रोगी हुनुहुन्थ्यो भने उल्लेखित घर जग्गा म र मेरो आमा रत्नमाया श्रेष्ठको नाममा संयुक्त दर्ता हो तर उक्त उद्योग निज रत्नमाया श्रेष्ठको एकलौटी दर्ता रहेको उद्योग हो मलाई विपक्षीले विपक्षी बनाउन पर्ने तथ्य र कारण छैन किनकि मेरो नाममा उद्योग दर्ता छैन त्यसैले हकदैया विहिन उजुरी पत्र खारेज भागी छ, खारेज गरी न्याय निरुपण गरि पाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

उद्योगको स्थलगत चार थान फोटो देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

मिति २०७८/०९/०३ गतेको सर्जमिन मुचुल्का गराई नियम अनुसार घरेलु तथा साना उद्योगबाट साबुन उद्योग सञ्चालनको प्रमाण पत्रलिई नियमित रुपमा राज्यलाई कर चुक्ता गरी उद्योग संचालन गरेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

दुबै पक्षले कानुन व्यवसायी राखेका छैनन् ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

उद्योग संचालनको क्रममा छरछिमेकमा प्रदुषण फैलाएको हो, होइन ।

**निर्णय खण्ड**

प्रस्तुत विवादको सम्बन्धमा नियमित पेशी सूचीमा चढि तथ्य र प्रमाणलाई अध्ययन गरी निर्णय तर्फ विचार गर्दा उद्योगको प्रदुषण नियन्त्रण गरी शान्तिपूर्वक बाँच्न पाउँ भन्ने दावी रहेकोमा प्रतिवादीले मिति २०७८/०९/०३ गतेको सर्जमिन मुचुल्का गराई सिफारिस पत्र बमोजिम नियम अनुसार घरेलु तथा साना उद्योग कार्यालयबाट श्री रत्न सोप एण्ड केमिकल इण्डष्ट्रिज नाउँ गरेको घरेलु साबुन उद्योग सञ्चालनको प्रमाण पत्र लिई नियमित रुपमा राज्यलाई कर चुक्ता गरी उद्योग संचालनमा रहेको देखिन्छ भने उद्योग स्थापना गर्दा अपनाउनु पर्ने विधि सबै पुरा गरी संचालनमा आएको देखिन्छ । न्यायिक समितिबाट मिति २०७८/०८/०९ र २०७८/१०/२७ गतेको आदेश बमोजिम वातावरण तथा विपद् व्यवस्थापन शाखाको मिति २०७८/०९/०१ र मिति २०७८/११/०६ गतेको प्रतिवेदनमा उल्लेख भएको उद्योगको संरचनागत सुधार भएको हुँदा संचालित साबुन उद्योग बन्द गर्ने गराउने क्षेत्राधिकार न्यायिक समितिमा देखिएन । उद्योगबाट

प्रदुषण भएको भन्ने उजुरी निवेदक र विपक्षीको बीचमा मात्र मेलमिलाप हुन सक्ने समेत नदेखिंदा उजुरीकर्ताले माग दावी गर्नु भएको क्षेत्राधिकार सम्बन्धि कानुन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा २ को देहाए (ञ) र (ट) समेत प्रस्तुत विवादमा आकर्षित हुन सक्ने अवस्था नहुँदा न्यायिक समितिको क्षेत्राधिकारको अभावमा प्रस्तुत उजुरी निवेदन खारेज गर्ने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

क) माथि निर्णय खण्डमा उजुरी दावी क्षेत्राधिकारको अभावमा खारेज हुने निर्णयमा चित्त नबुझे स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ८ को दफा ५१ बमोजिम म्याद ३५ दिन भित्र श्री जिल्ला अदालतमा पुनरावेदन गर्नुहोला भनि निवेदकको नाउँमा पुनरावेदनको म्याद जारी गर्नु र निर्णयको जानकारी विपक्षीलाई समेत दिनु ........................................... १

ख) नक्कल माग्न आउने सरोकारबालालाई नियमअनुसार नक्कल दिनु .......................... २

ग) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमअनुसार गरी अभिलेख शाखामा बुझाइदिनु......३

**न्यायिक समितिका**

२०७८/१२/१०

संयोजक श्री लिशा नकर्मी

**सदस्य**

श्री माधवकुमार के.सी.

२०७८/१२/१०

**सदस्य**

श्री सुरेन्द्र के.सी.

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बतौला शर्मा

इति सम्वत् मिति २०७८ साल चैत्र महिना १० गते रोज ५ शुभम् ...................................